विधेयक सङ्ख्याः ७

# विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## उद्देश्य र कारण

प्रदेशमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास एवम् नवप्रवर्तन र सोको उपयोगबाट प्रदेशको दिगो विकास गर्न, वैज्ञानिक पद्धतिलाई अवलम्बन गर्दै विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गरेको छु ।

..........................

(कुमारी मोक्तान)

मन्त्री

सामाजिक विकास मन्त्रालय

## आर्थिक टिप्पणी

विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको प्रावाधान अनुसार विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन गर्दा प्रदेश सरकारलाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ ।

.....................

(कुमारी मोक्तान)

मन्त्री

सामाजिक विकास मन्त्रालय

# विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

**प्रस्तावना:** वैज्ञानिक अनुसन्धान, प्रविधि विकास एवम् नवप्रवर्तन र सोको उपयोगबाट प्रदेशको दिगो विकास गर्न वैज्ञानिक पद्धतिलाई अवलम्बन गर्दै विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको सञ्चालन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले कोष सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष" सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशिका वा कोषको सूचनामा तोकेको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "निर्देशक समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोषको निर्देशक समिति" सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले विज्ञान तथा प्रविधि सम्बन्धी विषय हेर्ने बागमती प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "विषय विज्ञ समूह" भन्नाले दफा १४ बमोजिमको विज्ञ समूह सम्झनु पर्छ ।

(ज) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष" सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(झ) "सञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउनेछ ।

(ञ) "सदस्य" र सदस्य-सचिव" भन्नाले कोषको सदस्य सम्झनु पर्छ ।

(ट) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको सरकारी, गैह्र सरकारी वा कूटनीतिक नियोग र अन्तर्राष्ट्रिय संस्थालाई समेत जनाउँदछ ।

३. **कोषको स्थापना:** (१) मन्त्रालयमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषको छुट्टै सचिवालय र छाप हुनेछ ।

४. **कोषको उद्देश्य:** विज्ञान प्रविधिका विविध क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान, आविष्कार र नवप्रवर्तनमा गरिने लगानीबाट विकसित, प्रविधियुक्त, गुणस्तरीय र परिणाममुखी नतिजाको माध्यमबाट आर्थिक विकास र नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउँदै प्रदेशको समृद्धिमा योगदान पुऱ्याउनु यस कोषको मुलभूत उद्देश्य हुनेछ ।

५. **कोषमा रहने रकम:** (१) दफा ३ बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) प्रदेश सरकारले प्रत्येक वर्ष कोषमा जम्मा गर्ने रकम,

(ख) नेपाल सरकार, राष्ट्रिय संघसंस्था, स्थानीय तह तथा व्यक्तिबाट प्राप्त हुने रकम,

(ग) विभिन्न अन्तर्राष्ट्रिय संघ संस्था, निकाय एवम् व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) कोषको सेवा, बौद्धिक सम्पत्ति, प्रकाशन वा अन्य सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम,

(ङ) प्रचलित कानून बमोजिम स्वीकार्य हुने अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने सबै रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

(४) कोषको तर्फबाट गर्नुपर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ।

(५) कोषको खाता सञ्चालन तोकिएबमोजिम हुनेछ।

(६) उपदफा (१) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्नुअघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमति प्राप्त गर्नु पर्नेछ ।

६. **कोष सञ्चालक समितिको गठन:** (१) दफा ३ बमोजिम कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्न देहाय बमोजिमको एक सञ्चालक समिति गठन हुनेछः-

(क) मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने -अध्यक्ष

(ख) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय हेर्ने -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) अध्यक्षबाट मनोनित एक जना महिला सहित चार जना विज्ञ सदस्यहरू -सदस्य

(च) महाशाखा प्रमुख, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित हुने सदस्य प्रदेशमा स्थायी बसोवास भएको, विज्ञान तथा प्रविधिको क्षेत्रमा कम्तीमा स्नातकोत्तर गरी १० वर्ष वैज्ञानिक वा नवप्रवर्तनमुखी अनुसन्धानमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ ।

७. **पदावधि र पदरिक्त हुने अवस्थाः** (१) दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनित सदस्यहरूको पदावधि पाँच वर्षको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदावधि समाप्त भएपछि निजहरू दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम पुनः मनोनित हुन सक्नेछन् ।

(३) उपदफा (१) बमोजिम पदावधि समाप्त नहुँदै पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सदस्य मनोनित हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै करा लेखिएको भएतापनि मनोनित सदस्यहरुको देहायको कुनै अवस्थामा पद रिक्त हुनेछः-

(क) निजले लिखित राजिनामा दिएमा,

(ख) कर्तव्य र आचारणको पालना नगरेमा सञ्चालक समितिको दुई तिहाई निर्णयले निजलाई पद मुक्त गरेमा,

तर पदबाट हटाउने निर्णय गर्नुअघि निजलाई सफाइको मौका भने दिनु पर्नेछ ।

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) मृत्यु भएमा ।

८. **समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) समिति सञ्चालनको लागि कोषको कार्यालयमा एक सचिवालय रहनेछ ।

(२) उपदफा (१) बमोजिम सचिवालयको लागि आवश्यक जनशक्ति व्यवस्थापन मन्त्रालयबाट हुनेछ ।

(३) समितिका सदस्यहरूको बैठकभत्ता तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुने र छुट्टै मासिक तलब भने पाउने छैन ।

९. **<u>कोष सञ्चालक समितिको बैठकः</u>** (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी सञ्चालक समितिको बैठक बोलाउनेछ ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्ष र निज समेत अनुपस्थित रहेको अवस्थामा वरिष्ठतम सदस्यले गर्नेछ ।

तर समितिको चौमासिक समीक्षा, वार्षिक कार्यक्रम र बजेटबारे छलफल हुने बैठकको अध्यक्षता समितिको अध्यक्षले नै गर्नु पर्नेछ ।

(३) बैठक बस्ने सूचना र बैठकका विषयवस्तुहरू बैठक बस्नुभन्दा साधारणतया एक हप्ता अगावै समितिका सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्नेछ र दुई बैठकको बिचको अवधि दुई महिनाभन्दा बढी हुने छैन ।

(५ उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि छलफल गर्न खोजिएका विषय सूची सहित कम्तीमा तीन जना सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा सदस्य-सचिवले सात दिन भित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(६) समितिका एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(७) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(८) बैठकको निर्णयमा उपस्थित सञ्चालकहरूको हस्ताक्षर गरी गराई सदस्य सचिवले माइन्युट प्रमाणित गरी राखिनेछ ।

(९) बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **<u>कोषको काम र कर्तव्यः</u>** कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञान तथा प्रविधिका विविध विधामा खोज, अध्ययन, अनुसन्धान, प्रविधि विकास, र नवप्रवर्तनका निमित्त आवश्यक व्यवस्था गर्ने,

(ख) प्राविधिक आविष्कार, नवप्रवर्तन र अनुसन्धान परिणामलाई उद्यमशीलता र व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने,

(ग) विज्ञान तथा प्राविधिको क्षेत्रमा मानवीय संशाधन, क्षमता, जनताको गुणस्तरीय जीवन, वैज्ञानिक  संस्कार, आर्थिक र सामाजिक विकासलाई उत्प्रेरित गर्ने,

(घ) कोषलाई बलियो बनाउन तथा रकम वृद्धि गर्न विविध कार्यहरू गर्ने,

(ङ) प्रदेश सरकारले तोकेको अन्य कार्यहरू गर्ने ।

११. **<u>कोषको अधिकार:</u>** कोषको अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभिन्न संघ, संस्था तथा अन्य क्षेत्रबाट वित्तीय, प्राविधिक, नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने र परिचालन गर्ने,

(ख) विज्ञान, प्रविधि र नवप्रवर्तनसँग सम्बन्धित विभिन्न संघ संस्थासँग सम्पर्क राख्ने, सहयोग आदानप्रदान र सहकार्य गर्ने,

(ग) एकल वा विभिन्न संघ संस्थासँग संयुक्त परियोजना प्रस्ताव प्राप्त गर्ने, स्वीकृत गर्ने वा आफैं परियोजना सञ्चालन गर्ने,

(घ) कोषको रकम परिचालन गरी आय आर्जन गर्ने,

(ङ) कोषको वृद्धिका लागि तोकिए बमोजिम अन्य कार्यहरू गर्ने ।

१२. **<u>कोषको लगानीका क्षेत्रहरू:</u>** (१) शिक्षा, मानवीय संशाधनको विकास, स्वास्थ्य, जडिबुटी, औषधी, कृषि, वन, प्रकृति संरक्षण, वातावरण तथा जलवायु परिवर्तन, भू तथा जलधार संरक्षण, प्राकृतिक विपद् जोखिम न्यूनीकरण, पर्यावरण सन्तुलन, जैविक विविधता, पर्यटन, जैविक प्रविधि, कृत्रिम बौद्धिकता, उद्योग, खाद्य, सूचना-प्रविधि, ईञ्जिनियरिङ्ग, यातायात, नवीकरणीय ऊर्जा, विद्युत् संग्रह, परम्परागत ज्ञान, सीप र प्रविधि विकास लगायतका विज्ञान तथा प्रविधिका क्षेत्रहरूमा गरिने खोज, अध्ययन, अनुसन्धान, आविष्कार, प्रविधि विकास, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरू हुनेछन् ।

(२) कोषको लगानीका आधार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

१३. **<u>उपसमिति गठन गर्न सक्ने:</u>** (१) कोष सञ्चालक समितिले आफ्नो काम कारवाहीको निमित्त आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपसमितिको संयोजक सञ्चालक समितिको विज्ञ सदस्यहरुमध्येबाट हुनेछ ।

(३) उपदफा (१) बमोजिम उपसमितिको काम, कर्तव्य र अधिकार एवं दैनिक भत्ता लगायतका सुविधा स्वीकृत मापदण्ड बमोजिम हुनेछ ।

१४. **विषय विज्ञ समूहः** (१) विज्ञान तथा प्रविधिका क्षेत्रमा विभिन्न खोज, अनुसन्धान तथा नवप्रवर्तनको कार्य गर्न विज्ञ समूहहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिम विषय विज्ञहरु कोषको स्वतन्त्र, मर्यादित व्यक्तित्व हुने र कोषबाट मासिक तलबभत्ता पाउने छैनन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विषयविज्ञहरूले कोषबाट सञ्चालित परियोजना तथा कार्यक्रमहरूको खोज, अनुसन्धान, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन, योजना, नीति निर्माण तथा अन्य कार्य गरेबापत तोकिए बमोजिमको पारिश्रमिक लिन बाधा पुगेको मानिने छैन ।

(४) विषय विज्ञहरूको काम, कर्तव्य र आचारसंहिता तोकिए बमोजिम हुनेछ ।

१५. **लेखा र लेखापरीक्षणः** (१) कोषको आय-व्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरे बमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) महालेखा परीक्षकको कार्यालय वा प्रदेश सरकारले चाहेमा कोषको हिसाबकिताब सम्बन्धी कागजात र अन्य नगदी तथा जिन्सी जुनसुकै बखत जाँच गर्न सक्नेछ ।

१६. **निर्देशक समितिः** निर्देशक समिति कोषको सर्वोच्च निकाय हुने र सो समितिको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मुख्य मन्त्री | -अध्यक्ष |
| (ख) | विज्ञान तथा प्रविधि हेर्ने मन्त्री | -उपाध्यक्ष |
| (ग) | आर्थिक मामिला तथा योजना मन्त्री | -सदस्य |
| (घ) | मुख्यमन्त्रीले तोकेका मन्त्रीहरू तीन जना | -सदस्य |
| (ङ) | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| (च) | प्रमुख सचिव | -सदस्य |
| (छ) | सचिव, विज्ञान तथा प्रविधि हेर्ने | -सदस्य-सचिव |

१७. **निर्देशक समितिको काम र कर्तव्यः** निर्देशक समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) प्रदेश सरकारबाट हुने खोज, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरू कोष मार्फत सञ्चालन गर्ने गराउने,

(ख) विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी नीति, रणनीति तथा योजनाहरू स्वीकृत गर्ने र लागु गर्न निर्देशन दिने,

(ग) अन्य समसामयिक विषयमा कार्य गर्न कोष सञ्चालक समितिलाई निर्देशन दिने ।

१८. __निर्देशक समितिको बैठकः__ (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैठक बस्न अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता समितिको उपाध्यक्षले गर्नेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समितिको अध्यक्षले तोकेबमोजिम हुनेछ ।

१९. __अधिकार प्रत्यायोजनः__ कोष सञ्चालक समितिले आफ्नो केही अधिकार समितिका अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. __नियम बनाउने अधिकारः__ यस ऐनको कार्यान्वयन गर्न आवश्यक नियमहरु प्रदेश सरकारले बनाउन सक्नेछ ।

२१. __कार्यविधि बनाउने अधिकारः__ मन्त्रालयले कोषको स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधिहरू बनाई लागु गर्न सक्नेछ ।

२२. __बाधा अड्काउ फुकाउने अधिकारः__ यस ऐनको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

२३. __खारेजी र बचाउः__ (१) युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ खारेज गरिएको छ र यस कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

(२) युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ बमोजिमको कोषको रकम दफा ३ बमोजिमको कोषमा स्वतः सर्नेछ ।

## विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० मा रहेको प्रत्योजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र.स. | दफा | प्रत्यायोजित व्यवस्थापनको प्रावधान | प्रत्यायोजित व्यवस्थापनको कारण, प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | दफा ५ को उपदफा (५) | कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ । | कोषको खाता सञ्चालन तथा नियमन सम्बन्धी विस्तृत विषयहरूलाई नियमावलीमा समेट्न उपयुक्त हुने । | सम्बन्धित प्रावधानहरू थप स्पष्ट र उजागर हुने। |
| २ | दफा ११ को (ङ) | कोषको वृद्धिका लागि तोकिए बमोजिम अन्य कार्यहरू गर्ने । | कोषको दायरा बढाउने सन्दर्भसँग सम्बन्धित विविध क्रियाकलापहरूलाई नियमावलीमा थप व्यवस्था गर्न उपयुक्त हुने । | सम्बन्धित विषय तथा प्रावधान स्पष्ट हुने । |
| ३ | दफा १२ को उपदफा (२) | कोषको लगानीका आधार तथा मापदण्ड तोकिए बमोजिम हुनेछ । | कोषमा रहेको रकम लगानीका आधार तथा सोको लागि अवलम्बन गर्नुपर्ने मापदण्ड जस्ता विषयवस्तुहरू बृहत रुपमा नियमावलीमा समेट्दा उपयुक्त हुने । | कोषको लगानीका आधार तथा मापदण्ड के कस्तो रहने भन्ने विषय स्पष्ट रुपमा उजागर हुने । |
| ४ | दफा १४ को (४) | विषयविज्ञहरूको काम,कर्तव्य र आचारसंहिता तोकिए बमोजिम हुनेछ । | सम्बन्धित विषयविज्ञहरूको काम, कर्तव्य र आचारसंहिता सम्बन्धी विविध पक्षहरू नियमावलीमा व्यवस्था गर्दा उपयुक्त हुने । | विषयविज्ञहरूको काम, कर्तव्य र आचारसंहिता सम्बन्धी प्रावधान थप स्पष्ट हुने । |

**विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को व्याख्यात्मक टिप्पणी**

| क्र.सं. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | १ | (१) र (२) | विधेयकको नाम र सोको प्रारम्भ सम्बन्धी व्यवस्था गरिएको । | विधेयकको नाम तथा लागू हुने मिति एकिन गर्नुपर्ने भएकोले। |
| २ | २ | | विधेयकमा रहेको शब्द/शब्दावलीको विस्तृत र संकुचन अर्थ स्पस्ट पार्न तथा पटकपटक प्रयोग भएका शब्दहरूको परिभाषा गरिएको । | ऐनमा रहेका विभिन्न शव्दावलीहरुलाई स्पष्ट गर्ने प्रयोजनार्थ। |
| ३ | ३ | (१) र (२) | मन्त्रालयमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष नामको एक कोष स्थापना हुने र कोषको छुट्टै सचिवालय र छाप हुनेछ । | कोषको कानूनी पहिचान स्पष्ट गर्न तथा कोष मार्फत संचालन हुने कार्यहरुको वैधानिकता तथा निरन्तरताको लागि। |
| ४ | ४ | | विज्ञान प्रविधिका विविध क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान, आविष्कार र नव प्रवर्तनमा गरिने लगानीबाट विकसित, प्रविधियुक्त, गुणस्तरीय र परिणाममुखी नतिजाको माध्यमबाट आर्थिक विकास र नागरिकको जीवन पद्धतिलाई सरल तथा सहज बनाउँदै प्रदेशको समृद्धिमा योगदान पुऱ्याउनु यस कोषको मुलभूत उद्देश्य हुने व्यवस्था उल्लेख गरिएको । | कोषका कामहरुलाई स्पष्ट गरि नतिजामूखी बनाउन। |
| ५ | ५ | (१) (२) (३) (४) (५) र (६) | कोषमा जम्मा हुने रकम प्रदेश सरकारले प्रत्येक वर्ष जम्मा गर्ने रकम, नेपाल सरकार, राष्ट्रिय सङ्घसंस्था,स्थानीय तह तथा | कोषको स्रोत सङ्कलन र परिचालनमा निरन्तरता दिने र कोषको लगानीबाट प्राप्त बौद्धिक सम्पत्ति एवम् प्रकाशनबाट प्राप्त |

| क्र.स. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
| --- | --- | --- | --- | --- |
| | | | व्यक्तिबाट प्राप्त हुने रकम, विभिन्न अन्तर्राष्ट्रिय सङ्घ संस्था, निकाय एवम् व्यक्तिबाट प्राप्त हुने रकम, कोषको सेवा ,बौद्धिक सम्पत्ति, प्रकाशन वा अन्य सम्पत्ति बिक्रीबाट प्राप्त हुने रकम सम्बन्धी व्यवस्था उल्लेख गरिएको । | हुने रकमको उचित व्यवस्थापन तथा कोषको आम्दानी खर्च र खाता सञ्चालन सम्बन्धी क्रियाकलापहरुलाई नियमित र व्यवस्थित गर्नको लागि। |
| ६ | ६ | (१) र (२) | कोषको काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्न मन्त्रीको अध्यक्षतामा सञ्चालक समिति गठन भएको । | कोषको काम कारबाही सञ्चालन र रेखदेख गर्न तथा मनोनित बिज्ञ सदस्यहरुको योग्यता तथा अनुभव मापनको आधार तय गर्न। |
| ७ | ७ | (१) (२) (३) र (४) | कोष सञ्चालक समितिमा मनोनयन हुने सदस्यहरूको पदावधि र पद रिक्त हुने व्यवस्था उल्लेख गरिएको। | मनोनित सदस्यहरुको पदावधी र पदरिक्त हुने अवस्थाहरु एकिन गर्नु पर्ने हुनाले। |
| ८ | ८ | (१) (२) र (३) | कोषको सचिवालय र सचिवालयको लागि आवश्यक जनशक्ति व्यवस्थापन मन्त्रालयबाट हुने व्यवस्था उल्लेख गरिएको । | कोषको सचिवालय र जनशक्ति व्यवस्थापन गर्ने प्रयोजनार्थ। |
| ९ | ९ | (१) देखि (९) सम्म | समितिको बैठक बस्ने सूचना ,आह्वान, बैठकको अध्यक्षता, बैठकको सङख्या, बैठकको गणपूरक सङ्ख्या, बैठकको माइन्युट प्रमाणित सम्बन्धी व्यवस्था उल्लेख गरिएको । | समितिको बैठकहरु नियमित र व्यवस्थित गर्न। |
| १० | १० | | विविध विधामा खोज, अध्ययन, अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनका निमित्त आवश्यक व्यवस्था गर्ने, प्राविधिक आविष्कार, नवप्रवर्तन र अनुसन्धान परिणामलाई उद्यमशीलता र व्यवसायीकरण गर्न प्रोत्साहन गर्ने, | कोषको निर्दिष्ट उद्देश्य प्राप्तिको लागि। |

| क्र.सं. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
| --- | --- | --- | --- | --- |
| | | | विज्ञान तथा प्राविधिको क्षेत्रमा मानवीय संसाधन, क्षमता, जनताको गुणस्तरीय जीवन, वैज्ञानिक संस्कार, आर्थिक र सामाजिक विकासलाई उत्प्रेरित गर्ने, कोषलाई बलियो बनाउन तथा रकम वृद्धि गर्न विविध कार्यहरू गर्ने व्यवस्था उल्लेख गरिएको । | |
| ११ | ११ | | विभिन्न सङ्घसंस्था तथा अन्य क्षेत्रबाट वित्तीय, प्राविधिक, नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने र परिचालन गर्ने, विज्ञान, प्रविधि र नवप्रवर्तनसँग सम्बन्धित विभिन्न सङ्घसंस्थासँग सहयोग आदान प्रदान र सहकार्य गर्ने, एकल वा विभिन्न सङ्घसंस्थासँग संयुक्त परियोजना प्रस्ताव प्राप्त गर्ने, स्वीकृत गर्ने वा आफैं परियोजना सञ्चालन गर्ने अधिकार उल्लेख गरिएको । | कोषको कार्यक्षेत्र एकिन गरी प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गर्न। |
| १२ | १२ | (१) र (२) | शिक्षा, मानवीय संसाधनको विकास, स्वास्थ्य, जडिबुटी, औषधी, कृषि, वन, प्रकृति संरक्षण, वातावरण तथा जलवायु परिवर्तन, भू तथा जलधार संरक्षण, प्राकृतिक विपद् जोखिम न्यूनीकरण, पर्यावरण सन्तुलन, जैविक विविधता, पर्यटन, जैविक प्रविधि, कृत्रिम बौद्धिकता, उद्योग, खाद्य, सूचना-प्रविधि, इञ्जिनियरिङ्ग, यातायात, नवीकरणीय उर्जा, विद्युत संग्रह, परम्परागत ज्ञान, सीप र प्रविधि विकास लगायतका विज्ञान तथा प्रविधिका क्षेत्रहरूमा गरिने | नवप्रवर्तन र अनुसन्धानका क्षेत्रहरुको प्राथमिकता निर्धारण गर्न तथा लगानीका आधार र मापदण्ड तय गर्न। |

| क्र.स. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | | खोज, अध्ययन, अनुसन्धान, आविष्कार, प्रविधि विकास, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरू लगानीका क्षेत्रहरू हुने व्यवस्था उल्लेख गरिएको । | |
| १३ | १३ | (१) (२) र (३) | कोष सञ्चालक समितिले आफ्नो काम कारवाहीका लागि विभिन्न उपसमिति गठन र उपसमितिको संयोजक हुने व्यवस्था उल्लेख गरिएको । | कोषका काम कारबाहीहरुलाई थप प्रभावकारी एवम् नतिजामूखी बनाउन। |
| १४ | १४ | (१) (२) (३) र (४) | विज्ञान तथा प्रविधिको क्षेत्रमा विभिन्न खोज, अनुसन्धान तथा नवप्रवर्तनको कार्य गर्न विज्ञ समूहहरू रहने, विषयविज्ञहरू कोषको स्वतन्त्र, मर्यादित व्यक्तित्व हुने र कोषबाट मासिक तलबभत्ता नपाउने व्यवस्था उल्लेख गरिएको । | खोज अनुसन्धान र नवप्रवर्तनमा बिज्ञहरुको ज्ञान, सिप तथा अनुभवको उपयोग गर्न। |
| १५ | १५ | (१) (२) र (३) | कोषको आयव्ययको लेखा प्रदेश सरकारले अवलम्बन गरेबमोजिम राखिने, कोषको आन्तरीक लेख परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यलयबाट र अन्तिम लेख परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने व्यवस्था उल्लेख गरिएको । | आर्थक पारदर्शिता, मितव्ययिता तथा प्रभावकारीता तथा वित्तिय अनुशासन अभिवृद्धि गर्न |
| १६ | १६ | | निर्देशक समिति कोषको सर्वोच्च निकाय हुने र मुख्यमन्त्रीको अध्यक्षतामा सात सदस्यीय समिति गठन हुने व्यवस्था उल्लेख गरिएको । | कोषलाई नीतिगत रुपमा मार्गदर्शन गर्न। |
| १७ | १७ | | प्रदेश सरकारबाट हुने खोज, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र | कोषको उद्देश्य हासिल गर्न नीति, योजना तथा रणनीतिहरु स्वीकृत |

| क्र.स. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
|---|---|---|---|---|
| | | | स्टार्टअपका कार्यक्रमहरू कोष मार्फत सञ्चालन गर्ने गराउने, विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी नीति, रणनीति तथा योजनाहरू स्वीकृत गर्ने र लागु गर्न निर्देशन दिने र अन्य समसामयिक विषयमा कार्य गर्न कोष सञ्चालक समितिलाई निर्देशन दिने व्यवस्था उल्लेख गरिएको । | तथा कार्यान्वयनका लागि निर्देशन दिन। |
| १८ | १८ | (१) (२) र (३) | बैठक बस्ने व्यवस्था सम्बन्धी उल्लेख गरिएको । | बैठकलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न। |
| १९ | १९ | | कोष सञ्चालक समितिले आफ्नो केही अधिकार समितिका अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था रहेको । | कोषका काम कारबाही तथा अधिकारहरुको प्रभावकारीता अभिवृद्धि गर्न। |
| २० | २० | | ऐन कार्यान्वयन गर्नको लागि आवश्यक नियम प्रदेश सरकारले बनाउन सक्ने व्यवस्था रहेको । | ऐनका प्रावधानहरुलाई कार्यान्वयन गर्न। |
| २१ | २१ | | ऐन वा ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्नका लागि मन्त्रालयले कोषको स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने कार्यविधिहरू बनाई लागु गर्न सक्ने व्यवस्था रहेको। | ऐन तथा नियमावलीमा रहेका व्यवस्थाहरु कार्यान्वय गर्न। |
| २२ | २२ | | ऐनको कार्यान्वयन गर्न आवश्यक नियमहरू प्रदेश सरकारले बनाउन सक्ने व्यवस्था गरिएको । | ऐनको कार्यान्वयनमा आउनसक्ने द्विविधाहरुलाई समाधान गर्न। |
| २३ | २३ | (१) र (२) | युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ खारेज गरिएको छ र यस कार्यविधि बमोजिम भए गरेका काम | विभिन्न कार्यविधि बमोजिम यसअघि भए गरिएका काम कारबाहीहरुलाई वैधता दिन। |

| क्र.स. | दफा | उपदफा | विधेयकको व्यवस्था | कारण |
| --- | --- | --- | --- | --- |
| | | | कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने र युवा वैज्ञानिक प्रोत्साहन कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७५ बमोजिमको कोषको रकम यसै कोषमा स्वतः सर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको । | |